**बैठक संख्या : ५७**

आज मिति २०७६/०९/२७ गते १.० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री बिमल राज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य आमन्त्रित :**

| | | | |
|---|---|---|---|
| २४ | श्री शिवेन्द्र कुमार पासी | सू.प्र.अ. | |
| २५ | श्री विजय राज वाग्ले | अधिकृत | |

**बैठकका प्रस्तावहरु** :

१. आ.व. २०७७/०७८ को संघीय समपुरक तथा विशेष योजना सम्बन्धमा ।

२. रामघाट आय ठेक्का सम्बन्धमा ।

३. विविध ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७७/०७८ को संघीय समपुरक तथा विशेष अनुदानमा तपशिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

**समपुरक अनुदानका आयोजनाहरु**

| क.सं. | योजनाको नाम | संचालन हुने अबधि | बजेट रु. |
|---|---|---|---|
| १ | बरदहवा गेट देखि लम्तिया जाने सडक वडा नं. २ | १ (एक बर्ष) | २ करोड ५० लाख |
| २ | पचेहरा देखि भैस्टा हुदै धमौली सम्म सडक निर्माण वडा नं ११ । | १ (एक बर्ष) | २ करोड |
| ३ | दोहनी देखि मायादेवी गाउँ पालिकाको सिमाना सम्म सडक निर्माण वडा नं. ८ | १ (एक बर्ष) | २ करोड |

**विशेष अनुदानका आयोजनाहरु**

| क.सं. | योजनाको नाम | संचालन हुने अबधि | बजेट रु. |
|---|---|---|---|
| १ | फोहोर मैलाको व्यवस्थापन (ल्याड फिल्ड साईट) निर्माण वडा नं. १२ को बेलभरियामा गर्ने | २ (दुई बर्ष) | ५करोड |

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा कार्यपालिकाको मिति २०७६।०९।११ को निर्णय नं. १० अनुसार ठेक्का नं. KM/IR/076/077-07 को बाणगंगा खोलाको रामघाट नाकाबाट नदीजन्य पदार्थ विक्री वितरण सम्बन्धमा पुनः सूचना गर्ने भनि भएको निर्णय अनुसार उक्त नाकाबाट हुने आयलाई मध्य नजर गरी पहिलो कबोल गरेको बोलपत्र दाता श्री सिंह कन्सट्रक्सन क.व.न.पा. ३ को धरौटी जफत गरी दोस्रो रकम कबोल गर्ने बोलपत्र दातालाई नियमानुसार सम्झौता गराई आवश्यक ठेक्का बन्दोवस्तको लागि कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो । साथै ठेक्का नलाग्ने अवधी सम्मको लागि नगरपालिकाबाट नियमानुसार अमानतबाट विकी वितरण गर्न नगरकार्यपालिका कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**विविध निर्णयहरु**

**निर्णय नं. ३**

कपिलवस्तु नगरपालिका १२ वडाका लागि आ.व. २०७६/०७७ का योजनाहरु मध्येका सुशासन तथा संस्थागत विकास समिति तर्फ प्राथमिकता क्रम ४ मा रहेको कार्यक्रम खेलकुद सामाग्री तथा बालविकासका सामाग्री खरिद तथा रंगरोगनका लागि विनियोजन गरिएकोमा यस वडा कार्यालयलाई फ्री

वाईफाई जोन बनाउने गरि काम गरिएकोले सोही बजेटबाट भुक्तानी गरिदिनु हुन साथै बाकी बचेको रकमबाट यस वडाका ५ वटै विद्यालयमा इन्टरनेट जडान गर्ने गरी आगामी सभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस क.व.न.पा. वडा नं. ११ जहदीका लागि आ.व. २०७६/०७७ को क.व.न.पा. को नगरसभाबाट स्वीकृत भौतिक पूर्वाधार विकास समितिको आयोजना अन्तर्गत अधुरो बाटो पि.सि.सि. ढलान आयोजना, उत्तर बनगाईका लागि रु. ८ लाख विनियोजन भएको र सोही गाउँका लागि कल्भर्ट निर्माण आयोजनाका लागि रु. १ लाख ५० हजार विनियोजना भएकोमा दुवै आयोजनामा रकम अपुग हुन गई आयोजना अधुरो हुने देखिएको र यस आ.व. मा कल्भर्ट निर्माण भन्दा बाटो पि.सि.सि. ढलान गर्न अति आवश्यक भएकोले उक्त कल्भर्ट निर्माणको रकम बाटो पि.सि.सि. ढलान आयोजनामा थप गरी आयोजना कार्य अघि बढाउने र सोका लागि कपिलवस्तु नगरपालिकाको कार्यालयमा आयोजना संशोधनका लागि सिफारिस सहित अनुरोध गर्ने भनि मिति २०७६/०९/१६ गते वडा समितिको निर्णय समेत आजको कार्यपालिकाको बैठकमा पेश हुन आएको सिफारिसलाई स्वीकृत गरी उक्त आयोजना संशोधनका लागी आगामी सभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रदेश सरकारको सशर्त अनुदानबाट श्री आधारभूत विद्यालय पिपरहवालाई प्राप्त रु. १० लाख बजेट विनियोजन भएकोमा उक्त योजनाको सशर्त कार्यक्रममा स्थान एकिन नभएकोले उक्त योजनालाई क.व.न.पा. वडा नं. १२ पिपरहवाको श्री आधारभूत विद्यालयमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

१. कपिलवस्तु नगरपालिकाको आ.व. २०७६/०७७ को प्रस्तावित बजेट तथा कार्यक्रममा सामाजिक विकास कार्यक्रमको शिक्षा तर्फ सि.एल.सी. भवन निर्माण वडा नं. ५ र ८ मा विनियोजिन रकम रु. १५ लाखमा वडा नं. ५ र ८ लाई रु.७ लाख ५० हजारका दरले सि.एल.सी. भवन निर्माणको लागि दुइटै वडा लाई विनियोजन गर्ने निर्णय गरियो ।

२. कपिलवस्तु नगरपालिकाको आ.व. २०७६/०७७ को प्रस्तावित बजेट तथा कार्यक्रममा सामाजिक विकास कार्यक्रमको शिक्षा तर्फ पश्चिम मैनिहवामा रहेको विद्यालयको अधुरो भवन निर्माण, मा.वि. विकुलीको अधुरो भवन निर्माण तथा वडा नं. ७ को प्रा.वि. हरिहरपुर बरगदवा र पार्वती नि.मा.वि.को विद्यालय मरम्मत प्राविधिक स्टीमेट गराई सोही अनुसार कार्यान्वयन गर्ने ।

**निर्णय नं. ७**

कपिलवस्तु नगरपालिकाको सडक ढलान योजनाहरुमा ५ लाख भन्दा माथिका निर्माण रेडिमिक्स प्रयोग गर्ने तथा सो रकम भन्दा कममा सडक ढलान योजनाहरुमा अनिवार्य रुपमा ओ.पि.सी. सिमेण्ट प्रयोग गरी तथा निर्माण सामाग्रीहरुको समेत गुणस्तरीय सुनिश्चित हुने गरी योजना निर्माण अगाडि बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

क.व.न.पा.को नगरसभाबाट आ.व. ०७६/०७७ को क.व.न.पा. वडा नं. ८ को लागि स्वीकृत तपशिल बमोजिमको योजनाहरु संशोधनका लागी सभामा पेस गर्ने निर्णय गरियो ।

१. कुँवागाउँ अर्न्तगत वकरिदन बढईको घर देखि प्रमेश्वर पाठकको घर सम्मको बाटो पि.पि.सी. ढलान गर्ने रु. १ लाख को योजना सोही ठाउँको बाटोको छेउमा नाली निर्माण गर्ने

२. पश्चिम मैनिहवा अन्तर्गत रामछविलेको घर देखि पंच चौधरीको घर हुदै लखन नाउको घर सम्मको बाटो ग्रेभल गर्ने रु. १ लाखको योजना सोही ठाउँको बाटोको किनारमा नाली निर्माण गर्ने ।

३. पश्चिम बेलौहा अर्न्तगत पश्चिम बेलौहामा रहेको सडकहरुमा माटो ग्रेभलको लागि रु. ३ लाखको योजना संशोधन गरी नन्दलाल बनियाको घरदेखि गंगाराम कुर्मीको घर हुदै दक्षिण गाउँको मुख्य सडक सम्मको बाटो पि.सि.सी. ढलान गर्ने ।

**निर्णय नं. ९**

प्रदेश समपुरक अनुदानबाट गोटिहवा श्रीरामपुर सडक कालोपत्रे गर्नलाई प्राप्त कुल बजेट मध्ये यस नगरपालिकाले लगाउने रु. ५४०८३८२। रकम व्यवस्थापन गरी योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

क.व.न.पा. २ को वडा समितिको निर्णय अनुसार नगरसभाबाट आ.व. ०७६/०७७ को क.व.न.पा. वडा नं. २ को लागि स्वीकृत पूर्वाधार विकास शिर्षक तर्फ प्राथमिकता क्रम नं ६ को आकस्मिक मर्मत सम्भार कोषबाट कट्टा हुने गरी वडा नं. २ का तपशिल बमोजिमको योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

१. शुक्रराज आधारभूत विद्यालयमा मर्मत सम्भारको लागि रु. १ लाख रकम थप गर्ने ।
२. श्री सुर्यदय बालविकास केन्द्र लम्तिया गाउको लागि रु. ५० हजार रकम थप गर्ने ।
३. लम्तिया सिचाई आयोजनाको व्यवस्थापन तथा मर्मत सम्भारको लागि रु. ५० हजार रकम थप गर्ने ।
४. जेष्ठ नागरिक पार्क सागरटोल व्यस्थापन तथा मर्मत सम्भार खर्चको लागि रु. ५० हजार रकम विनियोजन गर्ने ।
५. कुदान गाउँको दक्षिण पूर्व रहेको कुलो मर्मत सम्भारको लागि रु. १ लाख विनियोजन गर्ने ।
६. वर्दहवा र लम्तिया गाउँको मुस्लिम समुदायको लागि शव बोक्ने अलमुनियम खाट २ थान वितरण गर्ने कार्यको लागि रु. ४० हजार विनियोजन गर्ने ।
७. सागरटोल टोल विकास संस्थाको लागि फर्निचर खरिद कार्यको लागि रु. २० हजार विनियोजन गर्ने ।

**निर्णय नं. ११**

कपिलवस्तु क्रिकेट संघ तौलिहवा कपिलवस्तुको माग बमोजिम क्रिकेट खेल विकासको लागी एम्पायर / स्कोररको तालिम संचालनका लागी रु.७५ हजार खेलकुद शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

वडा नं. ७ धमौलीमा रहेको शिव मन्दिर निर्माण कार्य अधूरो भएकोमा पूरा गर्नको लागी रु. २,५०,०००/- को व्यवस्था गर्ने, वडा नं. ८ को कचरिहवाको शिव मन्दिरको लागी रु. १ लाख उपलब्ध गराउने र वडा नं. १२ को युक्तेश्वर महादेव मन्दिरको निर्माणको लागी रु. १ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

वडा नं. २ को लम्तिया मस्जिद निर्माणको लागी रु. ५०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस कार्यालयमा कार्यरत ईञ्जिनियर श्री सत्यम बर्मालाई २०७६/१०/०१ देखि लागु हुने गरी इञ्जिनियर छैटौं तहको सुरु तलब स्केल बमोजिमको सेवा सुबिधा कन्टिन्जेन्सी बाटउपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस नगरपालिका अन्तर्गत पर्ने खोला नालाहरुबाट नदीजन्य पदार्थ बिक्रि वितरणको प्रभावकारी अनुगमन सम्बन्धित नाकाहरुमा पर्ने वडाहरुले गर्ने निर्णय गरियो ।